# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
हर्दी, भण्डारा, चितवन
बागमती प्रदेश, नेपाल
२०७३


प.सं. ०७७/०७८

च.नं. ३०५

मिति २०७७।०४।१८

श्री वडा कार्यालय सबै,
राप्ती नगरपालिका, चितवन ।

**विषयः सूचना प्रकाशन सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपाल सरकार रक्षा मन्त्रालय नेपाली सेना २ नं विपद् व्यवस्थापन गण, रसौली ब्यारेक, चितवनको मिति २०७७।०४।१८ को प.सं. १५५१६।का।१०।०७७।७८।०१ को पत्र मार्फत् सैनिक कल्याणकारी छात्रवृत्ति २०७७ स्वदेशको लागि सार्वजनिक सूचना प्राप्त भएकोले उक्त सूचना सूचना पार्टीमा टाँस गरी त्यस वडा अन्तर्गत बसोबास गर्ने अवकाश प्राप्त भू.पू. सैनिकहरुलाई जानकारी गराई दिनुहुन अनुरोध छ ।

०७७।०४।१८

दिपक थिङ

शाखा अधिकृत

दिपक थिङ

शाखा अधिकृत

**श्री कल्याणकारी योजना निर्देशनालय,**

**बलाध्यक्ष विभाग, जंगी अड्डा ।**

**"सैनिक कल्याणकारी छात्रवृत्ति, स्वदेश" सम्बन्धी सुचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०४/१५ गते)**

१. सैनिक कल्याणकारी कोषद्वारा सञ्चालित विविध कार्यक्रमहरु मध्ये शैक्षिक सत्र २०७७ को सैनिक कल्याणकारी छात्रवृत्ति, स्वदेश प्रदान गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. **छात्रवृत्तिको विवरण**

(क) **छात्रवृत्ति रकम** : प्रति विद्यार्थी वार्षिक एकमुष्ठ रु. २०,०००।- (बिस हजार) ।

(ख) **छात्रवृत्ति पाउने विद्यार्थी** : नेपाली सेनाका बहालवाला तथा अवकास प्राप्त सैनिक सकल दर्जाका छोरा/छोरी (१ जनालाई मात्र) ।

(ग) **अध्ययनरत रहनु पर्ने कक्षा** : कक्षा ६ देखि १२ कक्षा सम्म अध्ययनरत ।

(घ) **विद्यार्थीहरुको उमेर** : कक्षा १० सम्म अध्ययनको लागि १८ वर्ष र कक्षा ११/१२ को लागि २१ वर्ष मिति २०७७/०१/०१ गतेसम्म (न) ननाघेको हुनुपर्ने ।

३. **छात्रवृत्ति पाउन योग्य विद्यार्थीहरु**

(क) नेपाली सेनाका बहालवाला तथा अवकास प्राप्त सैनिकका छोरा/छोरी हुनुपर्ने ।

(ख) हिताधिकारीहरुको १ जना सन्तती (छोरा/छोरी) ले मात्र छात्रवृत्ति प्राप्त गर्ने ।

(ग) २०७६ सालको वार्षिक परीक्षामा सामुदायिक/सरकारी बियालयमा अध्ययन गर्ने बियार्थीहरुको समग्रमा ४०% (GPA 1.6) र संस्थागत निजी बिद्यालयमा अध्ययन गर्ने बियार्थीहरुको हकमा समग्रमा ५०% (GPA 2.0) प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्ने ।

(घ) नेपाल सरकारबाट मान्यता प्राप्त विद्यालय तथा महाविद्यालय (कलेज) हरुमा अध्ययनरत हुनुपर्ने ।

(ङ) वहालवाला सैनिकको हकमा नेपाली सेनाको HR Digitization मार्फत रितपुर्वक दर्ता गरिएका सन्तती (छोरा/छोरी) ले मात्र यो सुविधा प्राप्त गर्ने ।

४. **छात्रवृत्ति पाउन योग्य नहुने विद्यार्थीहरु**

(क) कल्याणकारी कोषको व्ययभारमा सञ्चालित महाविद्यालय/विद्यालयहरुमा (नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान अन्तर्गत सञ्चालित महाविद्यालयहरु समेत) अध्ययनरत विद्यार्थीहरु । यदि उक्त महाविद्यालय/विद्यालयहरुमा सःशुल्क (पूर्ण वा आंशिक सहुलियत शुल्कमा वाहेक) अध्ययनरत वा गैरसैनिक तर्फको कोटामा अध्ययनरत विद्यार्थी भए सम्बन्धितबाट दिएको शिफारिस पत्र अनिवार्य रुपमा पेश गर्नुपर्ने ।

(ख) कल्याणकारी कोषबाट वितरण हुने **"प्रधान सेनापति छात्रवृत्ति"** प्राप्त गर्ने विद्यार्थीहरु ।

(ग) रितपुर्वक तथा तोकिएको समय भित्र निवेदन पेश नगर्ने विद्यार्थीहरु ।

(घ) हिताधिकारीहरुको कुनैपनि १ (एक) सन्तती हाल Empanelled सम्झौता भएका शैक्षिक संस्थाहरुमा अध्ययनको सुविधा नलिएको हुनुपर्ने ।

(ङ) नेपाल भन्दा वाहिर बिदेशी बियालयहरुमा अध्ययनरत बियार्थीहरु ।

५. **निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने कागजातहरु**

| बहालवाला तर्फ | अवकास प्राप्त तर्फ |
|---|---|
| १. चारित्रिक प्रमाण पत्रको प्रतिलिपी ।<br>२. अघिल्लो वर्ष (२०७६) को लब्धाङ्क पत्रको प्रतिलिपी ।<br>३. जन्म दर्ता प्रमाण पत्र वा नागरिकताको प्रतिलिपी ।<br>४. सैनिक परिचय पत्रको प्रतिलिपी ।<br>५. विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी । | १. चारित्रिक प्रमाण पत्रको प्रतिलिपी ।<br>२. अघिल्लो वर्ष (२०७६) को लब्धाङ्क पत्रको प्रतिलिपी ।<br>३. जन्म दर्ता प्रमाण पत्र वा नागरिकताको प्रतिलिपी ।<br>४. पेन्सन पट्टाको प्रतिलिपी ।<br>५. सम्बन्धित गा.पा./न.पा.बाट नाता प्रमाणित प्रमाण पत्र वा सन्तती विवरण प्रमाणपत्र ।<br>६. विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपी । |

**नोटः**

१. माथि उल्लेखित कागजादहरु पेश गर्दा विद्यार्थीहरुको नाम, जन्म मिति, लब्धाङ्क पत्रमा प्राप्ताङ्क जस्ता विवरणहरु स्पष्ट रुपमा खुलेको हुनु पर्नेछ ।

२. कक्षा ११ उत्तीर्ण भई कक्षा १२ मा अध्ययन गर्ने बियार्थीको हकमा निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु मध्ये कक्षा ११ उत्तिर्ण भइ कक्षा १२ अध्ययनरत रहेको भनी सम्बन्धित उच्च मा.वि. को सिफारिस पत्र पेश गर्ने । साथै, छात्रवृत्तिको रकम लिने समयमा उक्त कक्षामा अध्ययनरत बिद्यार्थीहरुको प्रतिशत पुऱ्याई पास गरेको लव्धाङ्क पत्र र चारित्रीक प्रमाण पत्रको सक्कलै प्रति अनिवार्य उपलव्ध गराउनु पर्नेछ ।

३. हाल १२ कक्षामा अध्ययनरत रही यस बर्षको कक्षा १२ को परिक्षा हालसम्म सन्चालन नभएका बिद्यार्थीको हकमा निवेदनसाथ कक्षा ११ पास गरेको लव्धाङ्क पत्र र कक्षा १२ मा अध्ययनरत रहेको भनी सम्बन्धित उच्च माध्यामिक बिद्यालयको सिफारिस पत्र पेश गर्ने। साथै, छात्रवृत्तिको रकम लिने समयमा उक्त कक्षामा अध्ययनरत बिद्यार्थीहरुको प्रतिशत पुऱ्याई पास गरेको लव्धाङ्क पत्र र चारित्रीक प्रमाण पत्र सक्कलै प्रति अनिवार्य उपलव्ध गराउनु पर्नेछ ।

४. कक्षा ८ उत्तीर्ण भई कक्षा ९ अध्ययनरत तथा SEE परिक्षामा सहभागी हुनु पर्ने बियार्थीहरुको हकमा निवेदनसाथ हाल लव्धाङ्क पत्र पेश गर्न नसकिने हुँदा सम्बन्धित बियालयको शिफारिस पत्र र SEE परिक्षा दिन प्राप्त भएको सिम्बल नं. सहित खुलेको प्रबेश पत्र निवेदनसाथ पेश गर्नु पर्नेछ । साथै, छात्रवृत्तिको रकम लिने समयमा प्रतिशत पुऱ्याई पास गरेको लव्धाङ्क पत्र र चारित्रीक प्रमाण पत्र अनिवार्य उपलव्ध गराउनु पर्नेछ ।

६. **निवेदन दिने स्थान र मिति**

| सि.न. | मिति/स्थान | जंगी अड्डामा कार्यरत बहालवाला सैनिक सकल दर्जा | अन्य बांकी बहालवाला सैनिक सकल दर्जा | अवकास प्राप्त सैनिक सकल दर्जा | कै. |
|---|---|---|---|---|---|
| १. | मिति | **२०७७ भाद्र २२ गतेसम्म ।** | | | |